मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily



बालबालिकालाई आत्महत्याबाट जोगाउन अभिभावकको भूमिका: पृष्ठ २





◆ वर्ष : २६ ◆ अङ्क : ३०७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असोज २० गते बुधवार (Wednesday, October 6. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–


**अपराध**

३३ किलो सुन प्रकरण

## सनम शाक्यको हत्यामा संलग्नलाई जन्मकैद

**झापा, असोज १९।** ३३ किलो सुन तस्करी प्रकरणमा भरिया सनम शाक्यको हत्यामा संलग्न ६ जनालाई दोषी ठहर गर्दै अदालतले जन्मकैदको फैसला गरेको छ ।

मंगलबार न्यायाधीश भरत लम्सालको इजलासले गोरे भनिने चूडामणि उप्रेती, टेकराज मल्ल ठकुरी, लाक्पा सेर्पा, मोहन काफ्ले नरेन्द्र कार्की र भोजराज भण्डारीलाई जन्मकैदको फैसला सुनाएको हो । यस्तै, राजन कुमारलाई ३ वर्ष र मदनप्रसाद घिमिरेलाई ६ महिना कैद सजाय तोकिएको छ ।

अपहरण तथा शरीर बन्धकमा पनि गोरे मात्र दोषी ठहर भएका छन् भने फरार २१ अभियुक्तको मुद्दा मुल्तबीमा राख्दै अन्य ४८ जना आरोपीले सफाइ पाएको अदालतका श्रेस्तेदार टीकेन्द्रवीरजंग राणाले जानकारी दिए । २०७४ माघ अन्तिम साता यूएईबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाल भित्र्याइएको तस्करीको साढे ३३ केजी सुन सम्बन्धित व्यक्तिसम्म नपुगी गायब भएको थियो । सुन गायब भएपछि तस्कर समूहको यातनाका क्रममा २०७४ फागुन १८ गते मोरङको उर्लाबारी-१ मा सनम शाक्यको हत्यासँगै सुन हराएको पुष्टि भएको थियो ।

घटनालाई लुकाउन प्रहरीले भूमिका खेलेको आरोप छ । यस प्रकरणमा नेपाल प्रहरीको महानगरीय अपराध अनुसन्धान महाशाखाका तत्कालीन प्रमुख एसएसपी दिवेश लोहनी, डीएसपी प्रजित केसी र सई बालकृष्ण सञ्जेल पनि आरोपित थिए । घटनाको अनुसन्धान गर्न गृह मन्त्रालयले सह-सचिव ईश्वर पौडेल नेतृत्वको छानबिन समिति बनाएको थियो । त्यसैगरी प्रहरी प्रधान कार्यालयले डीआईजी पुष्कलराज रेग्मीको नेतृत्वको समिति बनाएको थियो ।

## श्रीमती बेचेको आरोपमा पक्राउ

**काठमाडौं, असोज १९।** आफ्नै श्रीमतीलाई भारतमा लगि बेचेको अभियोगमा उनकै श्रीमान र नुवाकोट दुप्चेश्वर गाउँपालिका-१ बस्ने पासाङ तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

पीडित महिलालाई उनकै श्रीमानले २०७१ सालमा १ लाख ६० हजार रुपैयाँ लिई पासाङको जिम्मा लगाएको खुलेको छ । पासाङले ती महिलालाई बालाजुको होटलमा एक महिलाको जिम्मा लगाएको र महिलाले काम बापत मासिक १० हजार दिन्छु भनी भिनाजु पर्ने पुरुषको जिम्मा लगाएको अनुसन्धानमा खुलेको छ । ती पुरुषले सुनौली हुँदै भारतको नयाँदिल्लीस्थित म्हेण्डो तामाङको घरमा पुऱ्याएको र म्हेण्डोले अर्कै मान्छेको जिम्मा लगाई आग्राको बेश्यालयमा ८ महिनासम्म जबरजस्ती वेश्याबृत्तिमा लगाएको बताइएको छ । उनलाई पुनः म्हेण्डोकै घरमा ल्याई ६४ नम्बरको गल्लीको


(बाँकी अन्तिम पृष्ठमा)


## ठगीको आरोपमा १२ जना पक्राउ

**झापा, असोज १९।** एक सहकारीका सञ्चालक तथा कर्मचारीले सङ्गठित रुपमा नै सहकारी ठगी गरेको पाइएको छ ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआइवी) का अनुसार सहकारी ठगी गरेको आरोपमा प्रहरीले पूर्वकर्मचारीसहित विभिन्न पदमा कार्यरत १२ जनालाई पक्राउ गरेको छ । उनीहरुले काठमाडौंको सोल्टीमोडस्थित सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडमा जम्मा भएको रकममा ठगी गरेको व्यूरोका प्रहरी उपरीक्षक श्यामकुमार महतोले जानकारी दिए ।

पक्राउ पर्नेमा सिभिल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका पूर्वअध्यक्ष इच्छाराज तामाङ, हालका सञ्चालक समिति अध्यक्ष केशवलाल श्रेष्ठ, प्रबन्धक सहजकर्ता भगवानबहादुर सिंह, जुनियर असिष्टेन्ट म्यानेजर


(बाँकी अन्तिम पृष्ठमा)


# ८० लाखभन्दा बढीको औषधि बरामद

**झापा, असोज १९।** स्थानीय प्रहरीको मिलेमतोमा तस्करीको माध्यमबाट नेपाल भित्र्याएको ठूलो परिमाणको औषधि बरामद भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल प्रदेश १ बाहिनी मुख्यालय सुनसरीबाट खटिएको विशेष टोलीले इलाम जिल्ला सूर्योदय नगरपालिका-२स्थित लालीखर्क भन्ने स्थानबाट २८ पोका औषधि बरामद गरेको हो । भारतबाट



तस्करीको माध्यमबाट औषधि भित्र्याएको गोप्य सूचनाको आधारमा बाहिनी मुख्यालयबाट खटिएको टोलीले सोमबार राति १० बजे स्थानीय काजी गोलेको ग्वाली घरमा लुकाईछिपाई राखेको सो परिमाणको औषधि बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल प्रदेश १ बाहिनी मुख्यालयका डीआइजी कमल गिरीले जानकारी दिए ।

बरामद गरिएको १५ प्रकारका औषधिको करिब ४० लाख ४१ हजार ३५८ रुपैयाँ मूल्य तोकेर मंगलवार पशुपतिनगर भन्सार कार्यालय बुझाइसकेको डीआइजी गिरीले बताए ।

औषधिको बजार मूल्य करिब ८० लाख ८४ हजार रुपैयाँ रहेको छ । भन्सारले तोकिएको मूल्य भन्दा आधा मूल्यमा सो औषधि बुझेको बताइएको छ । भन्सारले बुझेको औषधि थप कारबाहीका लागि औषधि विभाग पठाउने जनाइएको छ ।


(बाँकी अन्तिम पृष्ठमा)






बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी


दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क :** ९८०६०००३१३/०२३–५९०१६६
नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ ।

पायल्स तथा फिस्टुलाको सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा असोज २१ गते विहीबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४५३८, मो. ९८४२७५७६०४)

## न्यूरो सर्जरीका लागि नयाँ प्रविधि




**बिर्तामोड, असोज १९।** झापाको बिर्तामोडमा रहेको वीएण्डसी हस्पिटलमा बिना चिरफार टाउकोको उपचार हुने भएको छ। मंगलवार बिर्तामोडस्थित हस्पिटलमा पत्रकार सम्मेलन गर्दै उक्त कुरा जानकारी दिएको हो।

हस्पिटलका डा. करुणा ताम्राकार र दिनेश थापाको टिमले बिना चिरफार १२ वटा सफल उपचार गरिसकेको पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो। सोही क्रममा बिर्तामोडकै ६० बर्षिया लीलादेवी थपलियाको सफल उपचारपछि पत्रकारसँग भेटघाट गराइएको थियो। नशा सुकेर हुने स्ट्रोक विना अप्रेशन गर्न सकिने डा. ताम्राकारले बताइन्।

पूर्वमै पहिलो पटक टाउकाको विना चिरफार शल्यक्रिया शुरु गरेको हस्पिटलका जनसम्पर्क अधिकारी प्रमिश गिरीले जानकारी दिए। उनले एक बर्षअघिदेखि उक्त उपकरण अस्पतालमा रहेको बताए। कार्यक्रममा हस्पिटलका कार्यकारी प्रमुख दुर्गा प्रसाईको समेत उपस्थिति रहेको थियो।

## चारआलीमा ओदान

**झापा, असोज १९।** धिमाल जातिको सबै खाले खानाका परिकारसहित शुद्ध शाकाहारी भोजन गर्न चाहनेहरुले अब टाढा जानु नपर्ने भएको छ।

मेचीनगर-१३स्थित चारआलीमा रहेको आर्यन प्लाजामा पूर्वी पहाडी जिल्लाका नागरिक तथा मारवाडी समुदायलाई लक्षित गरी नेवारी परिकारसहित शुद्ध शाकाहारी खाना तथा खाजाका लागि ओदान स्वीट्स एण्ड भेज ग्यालरी सञ्चालनको तयारीमा रहेको छ। बिर्तामोडस्थित शिक्षासेवी नरेशमान धिमालले मंगलवार ओदान परिसरमा पत्रकार सम्मेलन गर्दै घटस्थापनाका दिन देखि आफूले व्यवसायमूलक खाजाघर सञ्चालनमा ल्याउन लागेको जानकारी दिएका हुन्।

धिमालले बताए। धिमाल समुदायका खाजा परिकार ग्यान्द्रो, तोले, प्यारप्यारी साथै पुरी, छोला, तरकारी, कोदोको मम अर्गानिक खाजाका परिकार पसलमा उपलबध हुने बताइएको छ।

समाजसेवीका रुपमा समेत परिचित धिमाल बिर्तामोड-५को टावर टेम्पल स्कुलका संस्थापक हुन् भने धिमाल जाति विकास समितिका पूर्व केन्द्रीय उपाध्यक्ष पनि हुन्। ३० लाख रुपैयाँको लागतमा शुरु भएको उक्त पसलमा नेपाली भेज खानाका परिकार, ग्राहकको माग अनुसार कोदोको ढिँडो पनि उपलब्ध हुने सञ्चालक धिमालले बताए। चारआलीस्थित आर्यन प्लाजा भवनको भुइँतलामा रहेको पसल बिहान ६ देखि बेलुका ८ बजेसम्म



घटस्थापनाबाट सञ्चालनमा आउने पसलमा सवै परिकार शाकाहारी रहने बताइएको छ। जहाँ सुक्खा रोटी, तन्दुरी, सादा भात, दाल फ्राई, मटर पनिर, राज्मा तथा विभिन्न परिकारका हाइजेनिक खाना खान पाइने सञ्चालक सञ्चालन रहने उनले बताए।

उनले ओदान भन्ने कुरा सवैले बिर्सेको र लोप हुने अवस्थामा रहेकाले पसलको नामकरण ओदान गरिएको बताए। पसलमा शुद्ध तथा स्वच्छ परिकार उपलब्ध हुने धिमालले बताए।

## लागूऔषधसहित दुई जना पक्राउ

**झापा, असोज १९।** सशस्त्र प्रहरीले भद्रपुर र मेचीनगरबाट लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट पृथ्वीनगरले सोमबार बेलुका भद्रपुर नगरपालिका-३ बाट बिर्तामोड नगरपालिका-१० सैनिकमोड निवासी ४४ वर्षीय मिलन गुरुङलाई लागूऔषध र विदेशी रकमसहित पक्राउ गरेको हो। भारतबाट नेपालतर्फ लुकिछिपी आउने क्रममा सशस्त्र प्रहरीले सीमामा रोकेर चेकजाँच गर्दा गुरुङको साथबाट इस्कफ कफ सिरप- ४२ बोतल, नाइट्राजेपाम- १० पत्ता (१०० गोली) र बिभिन्न १० मुलुक विदेशी रकम फेला परेको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाका डीएसपी प्रेमबहादुर भण्डारीले जानकारी दिए।

त्यस्तै सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट सतिघट्टाले मेचीनगर नगरपालिका-७ स्थित मेची पुलमुनिबाट पाँचथर जिल्ला मिक्लाजुङ्ग गाउँपालिका घर भइ हाल झापाको कमल गाउँपालिका-६ निवासी १९ वर्षीय दिवाना राईलाई ब्राउन सुगरसहित पक्राउ गरेको छ। भारतबाट नेपालतर्फ लुकिछिपी आउँदै गरेको उनलाई शंका लागेर चेकजाँच गर्दा ३ ग्राम ब्राउनसुगर बरामद गरिएको डीएसपी भण्डारीले जानकारी दिए। यता पक्राउ परेका दुवै जनालाई आवश्यक कारवाहीका लागि नेपाल प्रहरीलाई बुझाइसकेको जनाइएको छ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


### बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- कोरोना भाइरस (कोभिड-१९) महामारीको संक्रमण कायमै रहेको हुँदा आउँदै गरेको हिन्दूहरुको महान चाड वडादशैंमा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहेका मठ, मन्दिर तथा शक्तिपीठहरुमा हुने धार्मिक तथा सांस्कृतिक पूजा, अर्चना, भेलामा हुने सहभागितालाई कम गर्न र गर्नैपर्ने पूजा विधि न्यूनतम् भक्तजनहरुको उपस्थितिमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गरेर मात्र गर्नुहुन हार्दिक अनुरोध छ।
- नेपाल सरकारद्वारा तोकिएको स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालना गर्दै बजारमा हुन सक्ने भीडभाडलाई कम गरी किनमेल र व्यापार व्यवसाय सञ्चालन गर्नुहुन सबै व्यवसायी/व्यापारी तथा नागरिकलाई अनुरोध छ।
- विजयादशमीको अवसरमा टीका लगाउने, आशिर्वाद लिने धार्मिक एवम् सांस्कृतिक प्रचलनलाई एकाघरभित्र सीमित राख्ने। टीका ग्रहण गर्दा ज्येष्ठ नागरिक, बिरामी र बालबालिकाहरुलाई विशेष महत्व दिई अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड कायम गर्नुहुन अनुरोध छ।

**गणेशप्रसाद दाहाल: प्रमुख प्रशासकीय अधिकृत**


## अब बिर्तामोडमा घर-घरमै स्वास्थ्य सेवा
## VARANNYA HEALTHCARE AT HOME

**तपाईंको स्वास्थ्य सेवामा नौलो प्रयोग !**
**के यो सम्भव छ ?**

*यसलाई सम्भव र सफल बनाउने हाम्रो सपना र प्रतिबद्धता*

- तपाई सूचना दिनुहोस् हामी तपाईंका रोग सम्बन्धी विशेषज्ञ डाक्टरका साथ घरमै आएर उपचारमा संलग्न हुनेछौं।
- उपचारको पहिलो चरणमा अस्पताल धाउनु पर्ने र अनेक झन्झटबाट मुक्त गर्नेछौं।
- तपाईंको उपचार सेवाका बारेमा आवश्यक प्राथमिक उपचार, परामर्श तथा विशेषज्ञ सेवाका लागि हामी तत्पर छौं।

**उपलबध हुने सेवाहरु**

- चिकित्सकीय सेवा
- ल्याव सेवा
- कोभिड-१९ सम्बन्धी सेवा
- नर्सिङ सेवा
- फिजियोथेरापी सेवा

**तपाईंहरुको सेवामा समर्पित**

### वरेण्य हेल्थकेयर सर्भिस क्लिनिक प्रा.लि.
**बिर्तामोड-१, झापा (सम्पर्क नं. ९८२४०६६०५२)**

*उल्लेखित सेवा बाहेक हाल महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमणविरूद्धको हाम्रो अभियान अन्तर्गत निम्न सेवाहरूका लागि पनि हामी प्रतिबद्ध छौं।*

- रुघा, खोकी, झाडापखाला, जिउ दुख्ने जस्ता लक्षण देखिएमा कोभिड-१९ को संक्रमण हुनसक्छ। यस्तोमा Home Care Management अन्तर्गत प्रदान गरिने सहज सेवाहरु :
- RAT Antigen Test अथवा PCR Test, रगतको परीक्षण, एक्स-रे, सीटी स्क्यान (CT–Scan)
- उल्लेखित सेवामा विज्ञ चिकित्सकको निगरानी तथा Paramedical Team द्वारा घरदैलोमा सेवा।

*रिपोर्ट पोजेटिभ आए :*

होम आइसोलेसन प्याकेज अन्तर्गत :

- डाक्टर (M.O.) Visit
- कन्सलेन्ट डाक्टरको परामर्श सेवा
- विज्ञद्वारा कोभिड सुरक्षा शिक्षा
- विज्ञद्वारा पोषण शिक्षा
- डाक्टरद्वारा Home Isolation Support का लागि प्रत्यक्ष सेवा।

**Post-Covid Management**

कोभिड उपचारपछि अस्पतालबाट घर फिर्नु भएको छ र चिकित्सकीय सेवा आवश्यक छ भने डाक्टर, नर्स, पारामेडिकल तथा टेली कन्सल्टेन्ट सेवा

- पोस्ट कोभिड सुरक्षा सम्बन्धी शिक्षा
- पोषण सम्बन्धी सेवा

**VARANNYA HEALTHCARE SERVICE**
CLINIC Pvt. Ltd.
Birtamode-1, Jhapa, Nepal, Mob.9824066052


## ठगीको ...

मायोनानी महर्जन र एलिना तुलाधर रहेका छन्।

यस्तै जुनियर अधिकृत शंकरप्रसाद पाठक, असिस्टेन्ट सङ्गीत श्रेष्ठ, लेखा अधिकृत राकेश महर्जन, जुनियर सहायक प्रबन्धक बुद्धराज तामाङ र कौस्तुभकेतन ढुङ्गाना, सिभिल होम्सका वरिष्ठ प्रबन्धक विजयविक्रम शाह, पूर्वलेखा समिति सदस्य हरिहर लामिछानेलाई पनि पक्राउ गरिएको व्यूरोले मंगलवार एक विज्ञप्तिमार्फत जनाएको हो।

उक्त सहकारीका सदस्यले बचत तथा मुद्दती खातामा जम्मा भएको रकम निकाल्न पटक-पटक ताकेता गर्दा उपलब्ध नगराई ठगी गरेकोसमेत अनुसन्धानमा खुलेको छ। उनीहरुले बचतको ठूलो हिस्सा सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान विपरीत एकै व्यक्ति संस्थापक रहेको विभिन्न परियोजनामा लगानी गरेको र वेथिति बढ्दा उक्त लगानीबाट लाभसमेत प्राप्त गर्न नसकेको व्यूरोले जनाएको छ।

कर्जा लगानी भई सम्पन्न गरिएका विभिन्न परियोजनाबाट निर्माण गरिएका संरचना बिक्री गर्दा प्राप्त रकम सहकारी संस्थामा नबुझाई विदेशमा लगेर सम्पत्ति शुद्धीकरणको कसुर गरेको आशंका पनि गरिएको छ। प्रहरीका अनुसार उनीहरुले सहकारी ऐन २०७४ को दफा ९१२२० बमोजिमको कसुर गरेको देखिन आएकाले बचतकर्ताको निक्षेपसमेत जोखिममा परेको छ। यसरी १३७ बचतकर्ताले उक्त को-अपरेटिभको बचत तथा मुद्दती खातामा रहेको कूल रु ७० करोड ८७ लाख १३ हजार ८३१ सङ्गठित रुपमा सहकारीले ठगी गरेको भन्दै लप्रहरीले मुद्दा अघि बढाइएको छ।

व्यूरोले अन्य निक्षेपकर्ता तथा सर्वसाधारणलाई पनि उक्त को-अपरेटिभबाट निक्षेप तथा ब्याज रकम नपाएको भए कानून बमोजिम आवश्यक थप कारवाहीको लागि सम्पर्क गर्न अनुरोध गरेको छ।

## श्रीमती ...

कोठीमा राखी बेश्याबृत्तिमा लगाएकोमा नेपाली राजदूतावास र शक्ति समूहको सहयोगमा गत जेठ ३१ गते उनलाई नेपाल फर्काइएको थियो।

पीडितले गत भदौ १ गते प्रहरी प्रधान कार्यालय मानव बेचबिखन अनुसन्धान ब्यूरोमा जाहेरी दिएपछि उनीहरूलाई ब्यूरोको प्रहरीले पक्राउ गरेको हो। उनीहरू उपर काठमाडौं जिल्ला अदालतबाट म्याद थप अनुमति प्राप्त गरी अनुसन्धान भइरहेको र अन्य फरार रहेकाहरूको खोजी भइरहेको उक्त व्यूरोले जनाएको छ।

## ८० लाखभन्दा...

बरामद गरिएका औषधि नेपालमा प्रतिबन्धित नभए पनि तस्करीको माध्यमबाट नेपाली बजारमा भित्र्याउने तस्कर समूहको योजना थियो। तस्कर समूहले इलामको हिले नाकाबाट सो औषधिहरू भित्र्याएको हो। त्यसपछि बौद्ध धाम, फिक्कल हुँदै झापाका बजारसम्म ल्याउन त्यहाँ लगेर भण्डारण गरेको बुझिएको छ।

सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट पशुपतिनगर र हिले हुँदाहुँदै डिआइजी गिरीले विशेष टोली पठाएर हिलै नजिकैबाट सामान बरामद गराउन लाग्दा स्थानीय प्रहरीको मिलेमतो रहेको यसै घटनाले पुष्टि गर्छ। वीओपी पशुपतिनगरका इन्चार्ज इन्स्पेक्टर नवीन खतिवडा हुन्। यता बरामद गरिएको औषधिहरू दाद, बाथ, प्रतिरोधी क्षमता बढाउने खालका हुन्। सो औषधि स्थानीय कारोबारी चाँदनी भनिने व्यक्तिले भित्र्याएको स्थानीय स्रोतको दाबी छ।

सशस्त्र प्रहरी विओपी पशुपतिनगर, हिले, फिक्कल र इलाका प्रहरी कार्यालय पशुपतिनगर हुँदाहुँदै सो नाकाबाट ठूलो परिमाणमा तस्करी हुँदै आइरहेको छ। केही दिनअघि हिले नाकाबाट ठूलो परिमाणमा लत्ताकपडा सशस्त्र र नेपाल प्रहरीको मिलेमतोमा भित्रिएको थियो।

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको इजाजतप्राप्त संस्था)
प्रधान कार्यालय
धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३१३१७/५३३३१७
Email:- info@miteribank.com.np

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

**(प्रथमपटक प्रकाशित मिति: २०७८/०६/२०)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखाबाट उपभोग गरेको कर्जाको साँवा र ब्याज भुक्तानीको म्याद समाप्त भइसकेको र लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ताभुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन,२०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूलउपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराइन्छ। साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालो सूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सुचना केन्द्र लिमिटेडको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानत कर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने व्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचना द्वारा जानकारी गराईन्छ।

**तपसील**
**सुरुङ्गा शाखा, झापा (०२३-५५२३११)**

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| **कर्जाको किसिम**<br>**१. व्यक्तिगत**<br>**१. ऋणीको नाम :** रेवत बहादुर रसाईली<br>वाबुको नाम: रघुबिर विश्वकर्मा<br>बाजेको नाम: नन्दलाल विश्वकर्मा<br>झापा गा.पा. ६, शरणामती झापा<br>नागरिकता नं. ८५०६१६१४<br>जारी मिति २०३८।०७।२०, झापा<br> | **१) मालपोत** कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेका श्री बुधमाया रसाईलीको स्वामित्व भएको झापा जिल्ला,शरणामती गा.वि.स वाड नं. ५ स्थित कित्ता नं. १४३३ क्षेत्रफल ०-३-१.५-० भएको जग्गा, मालपोत कार्यालय झापामा दृष्टिबन्धक रजिष्ट्रेशन गरिएको।<br><br>**जमानतकर्ता**<br>नाम: बुधमाया रसाईली<br>वाबुको नाम: सुरविर विश्वकर्मा<br>पतिको नाम: रघुबिर विश्वकर्मा<br>झापा गा.पा. ६,शरणामती झापा<br>नागरिकता नं. ८५०६६६२<br>जारी मिती: २०३८।०८।१५,झापा<br><br><br>**जमानतकर्ता**<br>नाम: गजेन्द्र ताम्ली<br>वाबुको नाम: डिल्ली प्रसाद ताम्ली<br>**बाजेको नाम:**<br>झापा गा.पा.-६, शरणामती झापा<br>नागरिकता नं.. १०२२।१४१३<br>जारी मिति: २०५४।०५।०४, धनकुटा।<br> |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणीहरुलाई समेत किस्ता तथा ब्याज नियमित गर्नु हुन अनुरोध गर्दछौ। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ।

**MITERI Development Bank Limited**
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट 'ख' बर्गको इजाजतप्राप्त संस्था)
प्रधान कार्यालय
धरान-१२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३१३१७/५३३३१७
Email:- info@miteribank.com.np

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

**(प्रथमपटक प्रकाशित मिति: २०७८/०६/२०)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको तपसिलका शाखाबाट उपभोग गरेको कर्जाको साँवा र ब्याज भुक्तानीको म्याद समाप्त भइसकेको र लामो समयदेखि बक्यौता रहिरहेको हुनाले र कर्जा भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको ब्याज तथा हर्जाना समेत यस शाखामा उपस्थित भई यथाशिघ्र चुक्ताभुक्तानी गर्नु होला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा पनि कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी नगरेमा यस बैकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन,२०५८ र सोको नियमावली २०५९ ले दिएको अधिकार प्रयोग गरी लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असूलउपर गरी लिने व्यहोरा समेत ऋणी लगायत यस बैंकको अभिलेखमा रहेका देहायका सवै व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई जानकारी गराइन्छ। साथै तपसीलमा उल्लेखित ऋणीले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा नेपाल राष्ट्र बैंकको कालो सूची सम्बन्धी निर्देशन बमोजिम कर्जा सुचना केन्द्र लिमिटेडको कालो सूचीमा सम्बन्धित ऋणी, धितो जमानतकर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानतकर्ता र व्यक्तिगत जमानत कर्ताको तिनपुस्ते विवरण सहितको नाम समावेश गरिने व्यहोरा समेत सम्वन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्वन्धित अन्य सबैंलाई यसै सूचना द्वारा जानकारी गराईन्छ।

**तपसील**
**सुरुङ्गा शाखा, झापा (०२३-५५२३११)**

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| **कर्जाको किसिम**<br>**१. व्यवसायीक कर्जा:**<br>ऋणी/व्यवसायको नाम :- **शिवसताक्षी किराना पसल (प्रो. भोगीमाया तामाङ)**, शिवसताक्षी नगरपालीका झापामा द.नं. २९७, मिति २०७६।१०।०८ र आन्तरिक राजश्व कार्यालय, झापामा स्थायी पान नं.६१२८८७१२५ अन्र्तगत मिति २०७६।१०।०८ मा दर्ता रहेको।<br><br>**प्रोपाईटर/ जमानत कर्ता**<br>नाम: भोगी माया तामाङ<br>बाबुको नाम: नर बहादुर तामाङ<br>पतिको नाम:: विर बहादुर तामाङ<br>शिवसताक्षी नगरपालीका-९, झापा<br>नागरिकता नं.८५२४५५००<br>जारी मिति: २०६०।११।०४,झापा<br> | **१. मालपोत** कार्यालय दमक झापा मा दर्ता कायम रहेका **श्री विर बहादुर तामाङ** को स्वामित्व भएको झापा जिल्ला, शिवगंज गा.वि.स वाड नं. ७ कित्ता नं. १९६८२ जम्मा क्षेत्रफल ०-५-० भएको जग्गा, मालपोत कार्यालय दमक झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको।<br><br>**व्यक्तिगत जमानतकर्ता**<br><br>**जमानतकर्ता**<br>नाम: विर बहादुर तामाङ<br>वाबुको नाम: राम कुमार तामाङ<br>बाजेको नाम: चतुर सिंह तामाङ<br>शिवसताक्षी नगरपालीका-९, झापा<br>नागरिकता नं. ८५२४२०५८१<br>जारी मिती: २०५३।११।०९, झापा<br><br><br>**जमानतकर्ता**<br>नाम: : अम्बर बहादुर तामाङ<br>वाबुको नाम: विर बहादुर तामाङ<br>बाजेको नाम: राम कुमार तामाङ<br>शिवसताक्षी नगरपालीका-९, झापा<br>नागरिकता नं. ०४-०२-७३-०४५४२<br>जारी मि[redacted]<br> |

पुनश्च : यस बैंकबाट ऋण लिई किस्ता, ब्याज समयमा नै नबुझाएका अन्य ऋणी[redacted] नियमित गर्नु हुन अनुरोध गर्दछौ। अन्यथा बैंकको नियमानुसार यसरी नै कर्जा असुली प्रकृया अगाडि बढाई[redacted]र्फत जानकारी गराईन्छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसा[redacted]क : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्य[redacted]९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४[redacted]052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय


## राजनीतिप्रति बढ्दो वितृष्णा

**संघीयतामा प्रवेश गरेको छ वर्ष पूरा भएको छ। नयाँ संविधान अनुसार गठन भएको स्थानीय सरकारको आयु पनि चार वर्ष पुगेको छ । यसबीचमा संघ, प्रदेश र स्थानीय सरकारमा सहभागी संघ प्रमुखदेखि सांसद हुँदै स्थानीय सरकार उपप्रमुख मर्म गरी पच्चीस सय जनाभन्दा बढी राजनीतिक दलका कार्यकर्ता सत्तामा छन् । र, तिनीहरूले राज्यकोषबाट सेवासुबिधा लिइरहेका छन् जो न जनताको न त देशको हितमा उपयोग भएको छ । जनताले बनाएको भनिएको संविधानलाई आफू अनुकूल परिभाषित, प्रयोग र विश्लेषण गर्ने प्रवृत्तिले आमजनतामा राजनीतिप्रति नै वितृष्णा बढेको अनुभव गर्न थालिएको छ । जनताको सर्वोच्च संस्था मानिएको संसद उनै राजनीतिक दलका कारण अवरुद्ध छ । विश्वकै उत्कृष्ट भनिएको संविधान अनुसार गठन भएको प्रतिनिधि सभा असमय भङ्ग गरेर संविधान कै अपमान गरिएको पनि हो ।**

**कानून तथा संविधानका जानकारहरूले तत्कालीन प्रधानमन्त्री केपी ओलीले गरेको संसद विघटनको निर्णय असंवैधानिक भनेका थिए । सर्वोच्च अदालतले पनि प्रत्येक विघटनलाई खारेज गर्दै संसद पुनर्स्थापना गरेकै हो । आज पनि उनी नेतृत्वको एमालेले संसद चल्न दिएको छैन । प्रतिपक्षको अवरोधका वावजुद सभामुखले बैठक सञ्चालन गरिरहेका छन् । असोज १९ गते प्रधानमन्त्री शेरबहादुर देउवाले संसदमा राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन ०७६/०७७ प्रस्तुत गरेका छन् । तर, एमालेको अवरोध यथावत छ । संसद सुचारू गर्न संवादका लागि बोलाइएको बैठकमा एमाले उपस्थित भएन । उसको एक सूत्रीय माग छ कि आफ्नो दलद्वारा चौध सांसदलाई गरेको कारवाहीको सूचना टाँस गरियोस् । तर, सभामुख अग्नि सापकोटा सर्वोच्च अदालतमा विचाराधीन विषयमा विवाद गर्न नमिल्ने भन्दै जनताका सरोकारका विषयमा केन्द्रीत हुनुपर्छ अनुरोध गरिरहेका छन् । यस्तो 'कस्को रिसले कस्को काख...' पाराले जनताको पसिनाबाट सुविधा खानु अपराध ठान्नुपर्छ ।**

**आजसम्म सबै विमतिलाई संवादबाट टुंग्याइएको उदाहरण छ । हुन पनि राजनीतिक गतिरोधको अन्त्य असहिष्णु भएर सम्भव छैन । संवादबाट भागेर लक्ष्यमा पुग्न सकिन्न यो खासगरी दल र तिनका नेतृत्व पङ्क्तिले बिर्सनु हुँदैन । संसदलाई अनिर्णयको बन्दी बनाएर, कार्यसूचीमा रहेका विधेयकहरू छलफल तथा पारित गर्नबाट रोकेर जनतामा रूपान्तरणको अनुभूति दिलाउन सकिँदैन । प्रजातन्त्र जनताको जीवन र जीवनस्तरसँग जोडिएको महत्वपूर्ण विषय हो । यसलाई कसैले आफू, आफ्नो स्वार्थ र दलगत स्वार्थ पूर्तिको साधन र माध्यम बनाउन पाउँदैन । माओवादी सशस्त्र द्वन्द्वपछि मात्रै दश लाख युवा शक्ति विदेश पलायन भएका छन् । पढ्न, रोजगारी गर्न भन्दै बाहिरिएका मध्ये पाँच प्रतिशत पनि नफिर्ने गरेको तथ्याङ्कलाई आधार मान्दा परिवर्तित राजनीतिक अवस्थाको औचित्यमा प्रश्न खडा हुन्छ । लामो संघर्षपछि स्थापित संघीयता प्रवर्द्धनका लागि राजनीतिक दलहरूले कुनै काम गरेका छैनन् । बदलिएको परिवेशलाई जनताको पक्षमा बदल्न निर्वाचित प्रतिनिधिहरूलाई तालिम, गोष्ठी, सेमिनार गर्नुको साटो व्यक्ति पूजाको पछि लागेका दलहरूका कारण अन्ततः संघीयता कमजोर हुँदैछ । जनतामा चुलिएको निराशा र वितृष्णाले नेपालीको भविष्य अन्यौलग्रस्त छ । यसलाई यिनै राजनीतिक दलका नेताहरूले मनन गर्नुपर्छ ।**

# दशैं मान्नु कि नमान्नु सरकार ?



**विमल लामिछाने**

दशैं आयो ! दशैं आयो ! सबैले भन्छन् दशैं आयो । दशैं किन र कसका लागि आइरहेको छ ? आममानिसको मनस्थितिमा प्रश्न बनेर जबर्जस्त आएको छ, यो पटकको दशैं । अनि सबैले एकै स्वरमा प्रश्न गर्ने बेला आएको छ- महँगीले ढाड थिचेको बेला दशैं मान्नु किन मान्नु सरकार ?

कोरोनाको महामारीले लामो समयसम्म मानिसलाई घरभित्रै ठिगुरियाएको थियो । अहिले पनि दैनिक मजदुरी गरेर जिविकोपार्जन गर्ने सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ । अझै पनि मुलुकको औद्योगिक वातावरणमा पूर्ण सुधार आउन सकेको छैन । तर, यही बेला हाम्रो सामु एकपछि अर्को गर्दै चाडबाड आएका छन्, दशैं त्यसै मध्येको एक चाड हो ।

कोरोना महामारीले गत वर्षदेखि मुलुकका विभिन्न जिल्ला तथा क्षेत्रमा गरिएको निषेधाज्ञाको बहानामा दैनिक उपभोग्य खाद्यान्नको भाउ बढाइएको छ । यसै त निषेधाज्ञाले आम्दानी खुम्चिएको थियो, त्यसमाथि महँगीको मारले उपभोक्ता सहाराविहीन भएका छन् । चामल, चिनी, खानेतेल, अण्डा, गेडागुडी लगायतका खाद्यवस्तुको भाउ अचाक्ली बढाइएको छ । त्यसमाथि फेरि इन्धनको मूल्य वृद्धिको भार पनि थपिएको छ । पछिल्लो समय चिनी, खानेतेल, गेडागुडीको भाउ अस्वाभाविक बढेको छ । विदेशमा खाने तेलको कच्चापदार्थको मूल्य बढ्न थालेको हल्ला हुने बित्तिकै नेपाली बजारमा तेलको मूल्य बढाइएको हो । यस बाहेक तेल तथा चिनीको भाउ बढ्नुको वस्तुपरक कारण देखिँदैन । तर, दिनहुँ मूल्य बढेकै छ । राहतको अपेक्षा गरिरहेका सर्वसाधारणलाई अझै आहत थपिएको छ ।

अहिले बजारमा बढ्दो मूल्यवृद्धिले आम्दानी र खर्चको अनुपातको दूरी बढेका कारण सर्वसाधारणसँग रकम अभाव भएको छ । सर्वसाधारणसँग मात्र नभएर बैंक तथा वित्तीय संघ-संस्थामा समेत पर्याप्त पुँजी रहेको देखिँदैन । किनकि त्यस्ता वित्तीय संस्थाले निक्षेप आकर्षित गर्न ब्याजदर बढाउन थालेका छन् । उच्च ब्याजदरका कारण वस्तु तथा सेवाको मूल्य पनि महँगो हुन थालेको छ ।

हामी जस्ता सर्वसाधारणका लागि पेट ढाक्न बाहेक अर्को विकल्प सोच्न सक्ने अवस्था छैन । पछिल्लो समय कोभिडले त्यही पेट ढाक्न पनि नसक्ने अवस्था सृजना गरेको छ । भोक र रोगसँग सकी-नसकी सामाना गरिरहेको पीडा राज्य, रोजगार दातादेखि योसँग सम्बन्धित कसैले पनि महशुस गर्न सकेको देखिँदैन । मिठो-मसिनो खाने वर्गलाई अझै पनि भोकको पीडा थाह छैन ।

पछिल्लो समयमा चुलिएको मूल्य वृद्धिसँगै आमनागरिकको क्रयशक्तिको पहुँचभन्दा बाहिर दैनिक उपभोग्य वस्तुको मुल्य चुलिएपछि सर्वसाधारण मार खेप्न बाध्य छन् । कोभिडले सृजना गरेको बढ्दो वेरोजगारीका कारण एकछाक खान पनि औसत नेपालीलाई धौ-धौ पर्ने अवस्था सृजना भइसकेको छ । कोरोना महामारी केही शिथिल भए पनि अर्थतन्त्रमा अभूत पूर्व अनिश्चितता छाएको छ । घरपरिवारको तहमा खर्चयोग्य आम्दानी हुनेहरू पनि उपभोग घटाइरहेका छन् । यस्तो अवस्थामा अनौपचारिक क्षेत्रमा काम गर्नेको जीवन कसरी सञ्चालन होला भनेर सोच्दा समेत कहालीलाग्दो अवस्था सृजना हुन थालेको सत्य छ ।

विषय हो । संघीय संरचनामा अनुसार बजार अनुगमनको अभिभारा पाएका स्थानीय सरकारहरू यसमा सचेत रहनुपर्छ । संघीय सरकारका वाणिज्य विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र स्थानीय तहमध्ये कसले के अनुगमन गर्ने तथा कसले कुन तहसम्म कारबाही गर्ने भन्ने बारेको अन्यौल सरकारले हटाउनु पर्छ ।

बजारमा आफू खुशी मूल्य बढ्न नदिन उपभोक्ता आफैं पनि जागरुक हुनुपर्छ । सरकारले पनि बजार अनुगमन प्रणालीलाई चाडबाड केन्द्रित मात्र नभएर बाह्रै मास स्वचालित बनाउनुपर्छ । यसका साथै यस्तो अनुगमन सबै तहमा समान ढंगले गर्नुपर्छ, उद्योगी र ठूला व्यापारीलाई छुट र सानालाई मात्रै कानून लगाउनु हुँदैन । साना पसलहरूमा मात्र अनुगमन गरेर सम्पूर्ण रूपमा मूल्य नियन्त्रणमा आउन तथा बजार शुद्ध हुन कहिल्यै सक्दैन ।

बजारमा कृत्रिम अभाव देखाउने र महँगी वृद्धि गर्ने बजारमा दैनिक उपभोग्यका वस्तुमा थोपरिएको मूल्यको मारले सर्वसाधारणको लागि दशैं आएको नभएर दसा आएको जस्तै भएको छ । तर, यतिखेर राज्य भने बजार अनुगमन गर्ने बहानामा सडक पसलमा चेक जाँचमा लागीपरेको छ । यो त केवल हात्तीको देखाउने दाँत जस्तो मात्रै भएको छ । यसले परिणाम दिन सकेको पाइँदैन । यसबाट के बुझिन्छ भने, बर्षेनि अनियन्त्रित मूल्य वृद्धि हुनुमा कि नेपाली बजारमा केही प्रणालीगत त्रुटि छ कि सरकारी निकायहरूले गर्ने अनुगमन देखावटी मात्रै हुन्, यी प्रभावकारी छैनन् । त्यसैले, औचित्यहीन ढंगले बजार मूल्य बढ्नुको कारण खोजिनुपर्छ । स्वाभाविक मूल्य प्रणालीभन्दा बाहिर गएर भाउ बढाउन क-कसको भूमिका छ, त्यसबारे अध्ययन हुनुपर्छ । र, यसलाई स्वभाविक लयमा ल्याउन सरकार कहाँ चुकेको छ भन्नेबारे समीक्षा गरिनुपर्छ ।

चाडबाडका बेला खाद्यान्न लगायतका



केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरे अनुसार अहिले हाम्रो जनसंख्या करिब तीन करोड रहेको छ । जसअनुसार अझै पनि मुलुकमा ५६ लाख जनता गरिबीको संख्यामा रहेको भनिएको छ । एकातिर गरीवीको चक्र विद्यमान अवस्थाको रेखामा छ, अर्कोतिर विगत वर्ष जस्तै यो वर्ष पनि बजारमा दशैंको रौनक शुरु भएको छ । प्रत्येक वर्ष जस्तै यो वर्ष पनि चाडपर्व शुरु हुनुभन्दा अघिबाट बजारमा मूल्य आकासिएको छ । अब दशैं आउन करिब एक साता मात्रै बाँकी छ । यो अवस्थामा मूल्य वृद्धिको पारो धेरै माथि पुगिसकेको छ । वर्षेनि यसरी नै अनियन्त्रित मूल्य वृद्धि हुन्छ । तर, राज्य संयन्त्रले यसलाई नियन्त्रण गरेको देखिँदैन ।

स्वभाविक प्रणालीभन्दा बाहिर गएर मूल्य बढाउन क-कसको भूमिका छ त्यसबारे भने जनताका सरकार भनिएका तहगत सरकार र जनप्रतिनिधि मौन अवस्थामा रहनु मुलुकका लागि ठूलो विडम्बनाको विरुद्ध प्रभावकारी बजार अनुगमन नगर्ने, अनुगमनपछि कारबाही नगरिने र गरे पनि त्यो कि त देखावटी कि ज्यादै कम हुने भएका समस्याले सर्वत्र जरा फैंजाएको छ । दायित्व निर्वाह गरिने औपचारिकताका कारण यस्ता प्रवृत्ति अझ झाँगिएका छन् ।

राज्य संयन्त्र, अनुगमन गर्ने निकाय र व्यवसायी बीचको सुमधुर सम्बन्ध कै कारण मूल्यवृद्धि नियन्त्रण बाहिर गएको हो भन्ने कुरा सर्वसाधारणले पनि सहज अनुमान लगाउन थालेका छन् । तर पनि उनीहरुको आवाज कसैले सुनेको छैन । अब, बढ्दो मूल्य वृद्धिलाई थेग्न सक्ने अवस्था सर्वसाधारणले गुमाइसकेका छन् । आम्दानीको अनुपातमा मूल्य बढ्ने प्रतिशत धेरै माथि पुगिसकेको छ ।

अस्वाभाविक मूल्य वृद्धि गर्ने, त्यसमा पनि विपदका बेला यस्ता प्रवृत्तिले जुरुक्कै टाउको उठाउनु नेपाली खाद्य बजार र उपभोक्ताका लागि नौलो घटना होइन । अप्रत्यासित रुपले रातारात अत्यावश्यकीय वस्तुको कालोबजारी हुनु या अचाक्ली मूल्य बढ्नु नेपाली बजारको नकारात्मक विशेषता नै हो । राज्यको सम्पूर्ण ध्यान कोरोना महामारी नियन्त्रणमा केन्द्रित भएको मौका छोपेर केही व्यक्ति तथा संस्थाका कारण बजारमा भएको अनियमितता रोक्न सम्बद्ध पक्षले विशेष ध्यान दिनुपर्छ ।

क्रय शक्ति कम भएका बेला छुट पाउनुपर्ने उपभोक्ता उल्टो अचाक्ली महँगीको मारमा परेको अहिलेको अवस्थामा यसबारे संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले पनि अध्ययन गरेर सरकारलाई आवश्यक सुझाव दिनुपर्छ । सरकार, व्यापारी लगायतका सम्बन्धित सरोकारवालाहरूको सत्प्रयासमा बर्षेनि उपभोक्ता ठगिने दुष्चक्र तोडिनुपर्छ । चाडबाडका मुखमा महँगीको मार सदाका लागि अन्त्य हुनुपर्छ ।

bmllamichhane@gmail.com

# बालबालिकालाई आत्महत्याबाट जोगाउन अभिभावकको भूमिका

**रामकुमार थापा**

नेपालमा आत्महत्या गर्नेको संख्या बढिरहेको छ । मनोपरामर्शकर्ताको रूपमा म कार्यरत जिल्ला धादिङमा आर्थिक वर्ष २०७७/७७८ मात्रै एक सय ४२ जनाले आत्महत्या गरेका छन् । जसमध्ये १५ वर्ष मुनिका १० जना र १५ देखि ३० वर्ष उमेर समूहका ४६ जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्क छ । अघिल्लो वर्षको तुलनामा यो संख्या २८ प्रतिशत बढी हो । २०७६/२०७७ मा ९६ जनाले आत्महत्या गरेका थिए । आत्महत्या गर्नेहरूले विशेष गरी रातीको १२ बजेदेखि बिहानको ४ बजेको समयमा गरेको पनि प्रहरीले जनाएको छ ।

जुन अनुपातमा आत्महत्याको दर बढिरहेको छ । त्यस अनुसार जनचेतना फैलाउन ढिला भइसकेको छ । हाम्रो समुदायमा युवा, वयस्क, प्रौढ र वृद्धवृद्धाले मात्र आत्महत्या गर्छन् भन्ने मानसिकता छ । तर, पछिल्लो समय आत्महत्या गर्नेको संख्यामा बालबालिका पनि थपिएका छन् । त्यसैले उमेर पुगेकाले मात्र आत्महत्या गर्छन् भन्ने सोच्नु गलत हुन्छ ।

बालबालिका तथा किशोर-किशोरीलाई के को तनाव हुन्छ र ? भनेर बेवास्ता गर्दा आत्महत्याबाट बालबालिकालाई बचाउन सकिएको छैन । सयौं बालबालिकाले आत्महत्या गरिसकेका छन् । सबै काम अभिभावकले गर्ने हो । उनीहरूलाई केही पनि समस्या हुँदैन । घर व्यवहार चलाउन पर्दैन भनेर उनीहरूको भावना बुझ्न नसक्दा आत्महत्याको दर बढिरहेको विभिन्न अध्ययनहरुले समेत देखाएको छ । आत्महत्याले एउटाको जीवनलाई खतम पार्छ भने धेरैको जीवनमा र समाजमा ठूलो असर पारिरहेको हुन्छ ।

**आत्महत्याको जोखिम**

धादिङ जिल्लामा २८ प्रतिशतले आत्महत्या गर्नेको संख्या बढेको गत आर्थिक वर्षको प्रहरीको तथ्याङ्कले देखाएको छ । बालबालिका प्रति हाम्रो ध्यान जान नसक्दा, उनीहरूलाई बुझ्न नसक्दा, उनीहरूको भावना नबुझ्दा र बालबालिका चाहिँ अभिभावकको (एस मेन) हो भन्ने सोचका कारण बालबालिकाहरूमा नकारात्मक विचारहरू प्रकट भएको पाइन्छ । अधिकांश परिवारमा बालबालिकाहरूले मनमा लागेको कुरा, परेको पिर र भावनाहरु भन्ने वा सुन्ने वातावरण भएको पाइँदैन । बालबालिकाको समस्या हो कि स्वभाव यस्तै हो भनेर अभिभावकले बुझ्न नसक्दा समस्याहरू बढिरहेका छन् ।

पारिवारिक झैं-झगडा हुनु, हिंसामा पर्नु, यौन दुर्व्यवहारमा पर्नु, विद्यालयमा समस्या हुनु (शिक्षक, साथीभाइ) पढाइमा सोचे जति प्रगति गर्न नसक्नु, आफ्नो नजिकको साथीले विद्यालय छाड्नु वा मृत्यु हुनु, कसैले यौनजन्य दुर्व्यवहार गर्नु र मन परेको केटा साथी वा केटी साथीबीच बिछोड हुनु, विद्यालय परिवर्तन हुनु, बालबालिकाको माग पूरा नहुनु, अभिभावकले अनावश्यक हस्तक्षेप गर्नु लगायतका कारणले पनि बालबालिकामा आत्महत्याको जोखिम बढेको देखिन्छ ।

**आत्महत्या गर्नबाट बचाउन सकिन्छ**

आत्महत्याको घटना हुन नदिन पहिला नै बालबालिकाहरूको खतरा जन्य सङ्केतहरू थाहा पाउन सकिन्छ । सबै अभिभावकहरूमा छुट्याउन सक्ने क्षमता नहुन पनि सक्छ । तर, केही कुरा मात्र थाहा पाउन सकियो भने अभिभावकले आफ्नो बालबालिकालाई आत्महत्या गर्नबाट बचाउन सक्छन् ।

यसको लागि अभिभावकले आफ्ना बालबालिकाहरूको लागि समय दिनुपर्छ । हामी हाम्रो बालबालिकासँग बोल्न, उनीहरूको कुरा सुन्न, भावनाहरु बुझ्न समय नै हुँदैन । अलिकति भएको समय पनि अभिभावक सामाजिक सञ्जाल र टेलिभिजनमा बिताउनुहुन्छ । सामाजिक सञ्जाल चलाउनै हुन्न, टेलिभिजन हेर्न हुन्न भन्न खोजेको होइन । तर समयको व्यवस्थापन गरेर आफ्नो बालबालिकालाई पनि समय दिन पर्छ ।

उनीहरूलाई अभिभावकले महत्व दिन जरुरी छ । जसरी अभिभावक र बालबालिकाबीच घुलमिल, हाँस खेल र रमाइलो हुने हो त्यो भएको देखिँदैन । राम्रोसँग बालबालिकासँग कुराकानी गर्‍यो, नजिक भयो र हाँस खेल गर्‍यो भने त्यति नै बालबालिकाले आफ्नो अभिभावकलाई आफ्नो ठान्छन् र नजिकिन्छन् । आफ्नो मनमा लागेको कुरा भन्छन् र आफ्नो भावनाहरु पनि व्यक्त गर्छन् ।

घरमा अभिभावकसँग बालबालिकाले आफ्नो मनको भावना भन्ने वातावरण कमै हुन्छ । त्यस कारण अब अभिभावकले नै त्यो वातावरण बनाउन पर्छ । स्कूल मात्रै बालबालिकाको लागि सब थोक होइन । बालबालिकाको सबैभन्दा ठूलो स्कूल उसको घर र शिक्षक उसका बुवा-आमा नै हुन् । बालबालिका



संवेदनशील हुन्छन् । सानातिना कुराहरूले बालबालिकालाई प्रभाव पार्न सक्छ । आत्महत्या गर्ने अधिकांश व्यक्तिहरूले दोस्रो व्यक्तिसँग आफू मर्ने बारेमा कुरा गरेका हुन्छन् ।

तर, हाम्रो समाजमा 'मर्नेले भन्दै भन्दैन, भन्नेले मर्दै मर्दैन' भन्ने गलत मानसिकताको कारण घटना बढिरहेको देखिन्छ । आफ्ना बालबालिकाले पनि मर्नेबारे कुरा गर्‍यो, मर्ने औजारहरू जम्मा गर्न थाल्यो र यसैबारे सोध्न थाल्यो भने अभिभावक चनाखो बन्नुपर्छ । आत्महत्या हुनुको पछाडि धेरै कारणहरू छन् । तर, आत्महत्या हुनेबाट जोगाउन भने सकिन्छ ।

**अभिभावकले ध्यान दिनुपर्ने कुरा**

अभिभावकहरू आफ्ना बालबालिकाप्रति बढी नै सतर्क हुनुपर्छ । उनीहरूको प्रत्येक व्यवहार, सोचाइ र भावनालाई नजिकबाट अवलोकन गर्नुपर्छ । आफ्ना बालबालिका पहिला र अहिलेमा के मा फरक छन्,कसरी दैनिकी बिताइरहेको छ भनेर सोच्नुपर्छ ।

आफ्ना बालबालिकाले निराशाका कुराहरू गर्न थाले, किन बाँच्नु पर्‍यो, मर्न पाए राम्रो हुन्थ्यो भन्न थाले, विद्यालयमा जान नमान्ने, सँगैका साथीहरूबाट टाढा हुने, खेल्न नजाने, एक्लै बस्ने, आत्महत्याको बारेमा अभिभावकहरूसँग सोध्न थाले भने, आत्महत्या सम्बन्धी चित्र बनाउने, सामाजिक सञ्जालमा आत्महत्या सम्बन्धी लेख्ने वा भिडियो शेयर गर्ने, पढाइमा कमजोर हुने, खाना खान मन नगर्ने, सरसफाईमा ध्यान नदिने र परिवारबाट टाढा हुँदै गए भने अभिभावकले यस्तो बेलामा विशेष ख्याल गर्नुपर्छ ।

यस्तो व्यावहार देखिएमा तुरुन्त मनोचिकित्सक, मनोविद् तथा मनोसामाजिक परामर्शकर्तासँग छलफल गर्नुपर्छ ।

सबैभन्दा पहिला बालबालिकाको साथी बन्ने कोसिस गर्नुपर्छ । उनीहरूसँग दैनिक एक घण्टा समय बिताउनुपर्छ । बालबालिकासँग खेल्ने, उनीहरूसँगै कथा बनाउने वा भन्ने उनीहरूको कुरा सुनिदिने, तिमीलाई अहिले कस्तो छ ? कस्तो लागिरहेको छ ? अप्ठेरो पर्दा तिमीलाई साथ दिने म छु नि भन्ने जस्ता कुराहरू भनिरहनु पर्छ । उनीहरूसँग नजिक हुने क्रियाकलाप गर्नुपर्छ । उनीहरूको कुरालाई ध्यान दिनुपर्छ र मैले बुझेको छु भनेर विश्वास दिलाउनुपर्छ । तिमीलाई केही सहयोग सहायता चाहिन्छ भने म छु भनेर विश्वास वा भरोसा दिलाउनुपर्छ ।

बालबालिकाको विश्वासमा घात पर्ने कुराहरू गर्नुहुँदैन । उनीहरूलाई सान्त्वना, भरोसा, उत्प्रेरणा र हौसला दिनुपर्छ । समय मिलाएर बालबालिकासँग घुम्न जाने वा नयाँ ठाउँमा लैजानुपर्छ । बालबालिकाहरूलाई तिमी गर्न सक्छौं भनेर बारम्बार हौसला दिनुपर्छ । आफू पनि बच्चाको रोल मोडल अभिभावक बन्ने कोसिस गर्नुपर्छ । समस्याहरू बढ्दै गए भने तत्काल विशेषज्ञ तथा परामर्शकर्तासँग सम्पर्क गर्नुपर्छ । (उज्यालो)

# भारतीय गोर्खा भूतपूर्व सैनिकद्वारा स्वास्थ्य शिविर

**बिर्तामोड, असोज १९।** सामाजिक सेवामा सक्रिय रहँदै आएको भारतीय गोर्खा भूतपूर्व सैनिक संघले दुई दिने स्वास्थ्य शिविर सम्पन्न गरेको छ।

संघको कार्यालय बिर्तामोडस्थित बसपार्कमा आयोजित स्वास्थ्य परीक्षण शिविरमा १०५ जनाले विभिन्न रोगको जाँच गरेको अध्यक्ष धनकुमार गुरुङले जानकारी दिए।

स्वास्थ्य शिविरमा संघमा आबद्ध मात्र नभई सर्वसाधारण सबैको स्वास्थ्य परीक्षण गरिएको थियो। मनमोहन मेमोरियल सामुदायिक अस्पतालको प्राविधिक तथा चिकित्सकीय सहयोग रहेको शिविरमा बालबालिका, वयस्क र ज्येष्ठ नागरिकले सेवा लिएका थिए।

शिविरमा फिजिसियन, बालरोग, स्त्रीरोग लगायतका विशेषज्ञ चिकित्सकले जाँच गरेका थिए। शिविरमा सेवा लिएका बिरामीलाई अस्पतालले उपचारमा १५ प्रतिशत छुट दिने संघले जनाएको छ।

संघका अध्यक्ष गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि समाजसेवी जलकुमार गुरुङ तथा नरजङ्ग घले गुरुङ, तारामणि श्रेष्ठ, शेरबहादुर गुरुङ, मणिराज गुरुङ, भूतपूर्व महिला संघ अध्यक्ष रेणुका गुरुङ, सचिव निर्मला गुरुङलगायतको आतिथ्य रहेको थियो।




# पशुवलीबिरुद्ध ऱ्याली



**बिर्तामोड, असोज १९।** हत्या हिंसा तथा पशुबलीको विरोध गर्दै पूर्ण ब्रम्ह कविर उपासक समाज झापाले मंगलबार जिल्ला प्रशासन कार्यालयमा ज्ञापन-पत्र बुझाएको छ।

बिर्तामोडमा शान्ति ऱ्यालीको आयोजना पश्चात प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनालाई ज्ञापन-पत्र बुझाएको समाजका संयोजक तोयानाथ प्रसाईले जानकारी दिए।

समाजले धार्मिक पर्वको नाममा हुने जीव हिंसा तथा बली प्रथा रोक्न पहल गरिदिन भन्दै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री कार्यालयको ध्यानाकर्षण गराएको हो। समाजले हिंसाको विरोध गर्दै आएको उपाध्यक्ष खड्गबहादुर खड्काले बताए।

बिर्तामोड नगरको परिक्रममा गर्दै समाजमा आवद्ध सदस्यहरुले हिंसाले मानिसले फाइदा नगर्ने लगायतका नारा लगाएका थिए। उनीहरुले पशुबलीलाई पूर्ण रुपमा प्रतिबन्ध लगाउन माग समेत गरेका थिए। झापामा एक हजारबढी सदस्य आवद्ध रहेको बताइएको छ। समाजले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

# मिस झापाका लागि २१ जना किशोरी बन्द प्रशिक्षणमा



**चारपाने, असोज १९।** वीरता जेसीजको आयोजना र बिर्ता मिडिया प्रालिको संयोजनमा सम्पन्न हुने मिस झापा २०२१ को लागि छनौटमा पर्न सफल किशोरीहरुलाई प्रशिक्षण दिन शुरु गरिएको छ।

प्रशिक्षण २१ दिनसम्म हुने छ। आउँदो कात्तिक दोस्रो हप्ता मिस झापा छनोट तथा घोषणा कार्यक्रम हुने छ।

मिस झापा बन्नको लागि १८ बर्षदेखि २५ बर्ष उमेर समूहका २१ जना किशोरीहरु तालिममा सहभागी रहने छन्। बिर्तामोडस्थित सरगम संगीतालयको हलमा प्रशिक्षण उद्घाटन भएको छ। कार्यक्रम तालिका अनुसार बिर्तामोडकै फास्ट ट्र्याकमा पनि तालिम सञ्चालन हुने छ। वीरता जेसीजका जीवनकुमार खड्काको संयोजकत्वमा हुने मिस झापा २०२१ सम्पन्न गर्न आयोजकले तयारी पनि शुरु गरेको छ।

तीन हप्ते प्रशिक्षणको सहजीकरण कोरियोग्राफर भूमिका लिम्बूले गर्ने छिन् भने तालिम अवधिमा विभिन्न विधागत अनुभवी प्रशिक्षकहरुद्वारा प्रशिक्षण गराइने छ। जस अन्तर्गत मोडललिङ विधासँगै फोटोग्राफी, आत्मरक्षा, जीवन दर्शन, ग्रामीण पर्यटन, नेतृत्व, व्यक्तित्व विकास जस्ता तालिमहरु प्रदान गरिने संयोजक खड्काले बताए।

बिर्तामोडमा स्थापित संस्था वीरता जेसीज र बिर्ता मिडियाले यसपटकको मिस झापा प्रतियोगिता विगतको कार्यक्रम ढाँचालाई परिमार्जन गरेर भव्य र स्तरीय बनाउने योजना बनाएको बिर्ता मिडियाका प्रबन्धन निर्देशक, वीरता जेसीजका महासचिव एलसी श्रेष्ठले बताएका छन्।

मिस झापाको उपाधि प्राप्त गर्ने प्रतियोगीले मिस नेपालमा सिँधै भाग लिन सक्ने, टीभीएसको स्कुटर र विभिन्न छात्रवृद्धि र उपहारहरु प्राप्त गर्ने आयोजक संस्था वीरता जेसीजले जनाएको छ।

वीरता जेसीजका अध्यक्ष राजीव धिमालको अध्यक्षता र वीरता जेसीजका पूर्व अध्यक्ष नेपाल जेसीजका पूर्व उपाध्यक्ष विशाल थापाको प्रमुख आतिथ्यमा आयोजित तालिम उद्घाटन कार्यक्रममा नेपाल फोटोपत्रकार महासंघ झापाका अध्यक्ष विनोद पाण्डे, चलचित्र निर्देशक दिनेशराज शर्मा लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा स्वागत संयोजक जीवनकुमार खड्का, धन्यवाद मन्तव्य कार्यकारिणी उपाध्यक्ष विकाश बस्नेत, संयुक्त सचिव टीकाराम खतिवडाले जेसीज आस्था वाचन र सञ्चालन महासचिव श्रेष्ठले गरेका थिए।

वीरता जेसीजले सन् २०१४ देखि मिस झापा प्रतियोगिता शुरु गरेको हो। झापाको पहिलो मिस झापा रचना उप्रेती बनेकी थिइन्।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।


**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।




यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## सेक्युरिटी गार्ड चाहियो

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५-५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२, ९८५२६४१७४०,९८२४९८२२९६

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

आधुनिक भ्याकुम सिस्टम भएको प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्याक्टीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।




सम्पर्कः
९८०८००५२०६/९८७३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## बिमालेख हरायो

बिर्तामोडबाट इलाम जाने क्रममा यही मिति २०७८/०५/०९ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः**- गीता राई
**ठेगानाः**- लक्ष्मीपुर-३, इलाम
**बीमालेख नं.**:- २०००२९८३४
**कम्पनी नाम**: लाइफ इन्स्योरेन्स (नेपाल) लि.
**सम्पर्क**: ९८०३५५११२५

## कर्मचारी आवश्यकता

नेपाल सरकारद्वारा मान्यता प्राप्त (NIC) कम्पनीका लागि निम्न कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**संख्याः** ४ महिला, ३ पुरुष **योग्यताः** एसईई, +२ माथि
**तलबः** १३५०० देखिमाथि
**आवश्यक कागजातः** शैक्षिक योग्यताको प्रमाणपत्र, ३ प्रति पासपोर्ट साइजको फोटो
**दरखास्त दिने अन्तिम मितिः** असोज २३ गतेसम्म

सम्पर्कः NIC कम्पनी प्रा.लि.
बिर्तामोड-५, शनिश्चरे रोड, शिखर बजार अग्रसेन भवन जाने बाटो (मो. ९८२६९२०५४१)

भूमिसुधार कार्यालय भद्रपुर, झापाको

## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| कृष्णबहादुर तामाङ | शान्तिनगर-९ | १४४६ | ०-३-० | यामबहादुर तामाङ |
| मनकुमारी अधिकारी | शान्तिनगर-५ | १२५५ | ०-१-० | सवादी राजवंशी |
| सुसिलकुमार ठाकुर | जुरोपानी-२ | ९९५ | २७९३.७३ | हारी/होरी ताजपुरिया |
| गोपालप्रसाद कोइराला | गौरादह-७ | २०८ | ३३८.६३ | अनुप सतार |
| टुकादेवी तिसीना | पथरिया-९ | ११६३ | १०१५.८९ | छेपालाल राजवंशी |
| प्रलाद ताजपुरिया | जुरोपानी-२ | १५५५ | २२८०.६० | हारी ताजपुरिया/चम्पा राजवंशी |
| प्रलाद ताजपुरिया | जुरोपानी-२ | १५५० | ४३२.५० | छ्वालाल/छ्वालाल ताजपुरिया |
| प्रलाद ताजपुरिया | जुरोपानी-२ | १५४७ | ३९२०.०० | लखन राजवंशी |
| प्रलाद ताजपुरिया | जुरोपानी-२ | १५५८ | १०९२.५६ | लखन राजवंशी |
| फुलवति राजवंशी | वनियानी-२ | ६२९ | २७९४.६६ | रसम राजवंशी |
| दिलबहादुर तामाङ | वाहुनडागी-६ | ८३२ | ०-२-० | हरिप्रसाद/हरिप्रसाद आचार्य |
| ” | ” | ८३४ | ०-७-१५ | पहलमान वुर्जा मगर |
| खेल्नकुमारी बस्नेत | टाघनडुव्वा-९ | ६१८ | १६९३.१५ | वेलु हस्दा/कन्तो राजवंशी |
| भिमबहादुर गदाईली | वाहुनडागी-५ | १५२६ | ०-५-० | बुधिमान लकान्दी कामी बुधमान |
| फुलमान बस्नेत | दुवागढी- १ | ६४१ | ०-२-० | जयबहादुर कार्की |

## UAE मा Taxi Driver, Security Guard, Waiter र Factory Helper मा रोजगार अवसर

चलानी नं. ६०१३२६९७ लट नं. २१२२३६

**१. कम्पनी** : JALEEL GENERAL WARE HOUSING (LLC) BRANCH **शहर**: DUBAI

| सिं नं. | कामदारको पद | संख्या | तलब | काम | करार |
|---|---|---|---|---|---|
| १) | Security Guard (DPS) | 100 | 2000/-DHS | १२ घण्टा | २ वर्ष |
| २) | Watch Man | 80 | 1500.-DHS | १२ घण्टा | ” |
| ३) | Waiter | 80 | 1000+Food | ८ घण्टा | ” |
| ४) | Cleaner | 100 | 800+Food | ८ घण्टा | ” |
| ५) | Factory Worker | 100 | 1200.-DHS | ११ घण्टा | ” |
| ६) | Wear House Helper | 100 | 1200/-DHS | ११ घण्टा | ” |
| ७) | Cars Taxi Driver | 100 | 1500/-DHS | १२ घण्टा | ” |

**नोटः** Cars Taxi Company **मा सेलरी १५००/- DHS भएता पनि ४० प्रतिशत कमिशन गरेर ४००० देखि ५०००/-** DHS **सम्म कमाई गर्न सकिनेछ। यसको फाइनल अन्तरवार्ता असोज १९ गते मंगलबार बिर्तामोडमा हुनेछ।**

**सेक्युरिटी गार्डको फाइनल अन्तरवार्ता यही असोज २१ गते बिहीबार बिर्तामोडमा हुनेछ। अन्य क्याटोगरीको अन्तरवार्ता दिनु नपर्ने।**

**सगुन ओभरसिज सर्भिसेज प्रा. लि. (सगुन होम)**
डिल्लीबजार, कालिकास्थान-३२ (फोन नं. :- ९८०८०७४५९८, ९८०३०७४४३९)

## उपकार ब्राण्ड

अब हर घरको शान

स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।

नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ। विशेष अवसरका साथ केही चुनौति पनि देखा पर्नेछन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
प्रयत्न गर्दा भैपरी आउने समस्या समाधान हुने छन्। रमाइलो जमघटको आनन्द प्राप्त हुनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्ने छन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
उठ्नुपर्ने रकम तत्काल हातलागी नहुन सक्छ। जीवनशैली व्यस्त रहनेछ। बेसुरको वचनले विवाद निम्त्याउन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
आकस्मिक रूपमा खर्च बढ्नाले मन पिरोलिनेछ। पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। कामको लागत बढ्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
तत्काल फाइदा उठाउँदा पछिको लाभांश घट्न सक्छ। मध्याह्नदेखि स्थितिमा सुधार आउनुका साथै विभिन्न अवसर प्राप्त हुने छन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
इर्ष्या गर्नेहरूले काममा समस्या खडा गर्न सक्छन्। कमजोर नतिजा सच्याउन प्रयत्न दोहोऱ्याउनुपर्ला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
मेहनत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्ने छन्। श्रमको उचित मूल्यांकन हुनाले उत्साह जाग्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
लाभांश बढ्नाले ऋणमोचन हुने सम्भावना छ। मध्याह्नदेखि आय-आर्जन र अर्थ संग्रहमा बाधा पुग्नेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
सञ्चित रकम समेत खर्चनुपर्ने आवश्यकता पर्न सक्छ। तापनि लगनशील बन्दा नियमित काम सम्पादन गर्न सकिनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
पुरुषार्थी काम प्रारम्भ हुन सक्छ। दिगो काममा जग बसाउने मौका छ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
भेटघाटले उत्साह जगाउनेछ। मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ। दिउँसोदेखि आम्दानीका नयाँ स्रोत फेला पर्ने छन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
कामबाट प्रशस्त लाभ हुनेछ। श्रमको उचित मूल्यांकन हुनाले आय बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ।